# नेपाल लेखापरीक्षणमान ३००

## वित्तीय विवरणहरूको लेखापरीक्षण कार्ययोजना

(अन्तराष्ट्रिय गुणस्तर नियन्त्रणमान, लेखापरीक्षण पुनरावलोकन, अन्य आश्वस्तता तथा सम्बद्ध सेवाहरु घोषणाहरुको हाते पुस्तक सन् २०१० अंग्रेजी संस्करणको अनुवाद)

## विषयसूची


| | अनुच्छेद |
|---|---|
| **परिचय** | |
| यस ने.ले.प.मा. को क्षेत्र ............................................ | १ |
| कार्ययोजनाको भूमिका र समय ..................................... | २ |
| लागू हुने मिति ........................................................ | ३ |
| **उद्देश्य** | **४** |
| **आवश्यकताहरू** | |
| कार्यअनुबन्ध मूल समूह सदस्यहरूको सहभागिता ................. | ५ |
| प्रारम्भिक कार्यअनुबन्धका क्रियाकलापहरू .......................... | ६ |
| कार्ययोजनाका क्रियाकलापहरू ..................................... | ७-११ |
| अभिलेखीकरण ......................................................... | १२ |
| प्रारम्भिक लेखापरीक्षण कार्यअनुबन्धमा विचार पुऱ्याउनुपर्ने थप कुराहरू ............................................................ | **१३** |
| **प्रयोग र अन्य स्पष्टिकरणका विवरणहरूका सामाग्रीहरू** | |
| कार्ययोजनाको भूमिका र समय ..................................... | क१-क३ |
| कार्यअनुबन्ध मूल समूह सदस्यहरूको सहभागिता ............... | क४ |

| | |
|---|---|
| प्रारम्भिक कार्यसंलग्नताका क्रियाकलापहरू........................... | क५-क७ |
| कार्ययोजनाका क्रियाकलापहरू ........................................ | क८-क१५ |
| **अभिलेखीकरण** | |
| प्रारम्भिक लेखापरीक्षण अनुबन्धमा विचार पुऱ्याउनुपर्ने थप कुराहरू ........................................................................ | क१६-क१९ |
| परिशिष्ट: समग्र लेखापरीक्षण रणनीति तर्जुमा गर्दा विचार पुऱ्याउनु पर्ने कुराहरू .................................................... | क२० |

*नेपाल लेखापरीक्षणमान (ने.ले.प.मा.) ३००,"वित्तीय विवरणहरूको लेखापरीक्षण कार्ययोजना" लाई ने.ले.प.मा.२००," स्वतन्त्र लेखापरीक्षकको समग्र उद्देश्यहरू र नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षणको कार्यसम्पादन" को संगतिमा अध्ययन गरिनुपर्छ ।*

## परिचय

### यस नेपाल लेखारीक्षणमानको क्षेत्र

१. यस नेपाल लेखारीक्षणमान (ने.ले.प.मा.) ले वित्तीय विवरण सम्वन्धी लेखापरीक्षणको कार्ययोजना तर्जुमा गर्न लेखापरीक्षकले वहन गर्ने दायित्वलाई व्याख्या गर्छ। यो ने.ले.प.मा.लाई दोहोरिरहने प्रकृतिका लेखापरीक्षणको परिप्रेक्ष्यमा उल्लेख गरिएको छ। लेखापरीक्षणको कार्यअनुबन्धमा विचार पुऱ्याउनुपर्ने प्रारम्भिक र अतिरिक्त बिषयलाई छुट्टै पहिचान गरिएको छ।

### कार्ययोजनाको भूमिका र समय

२. लेखापरीक्षणको कार्ययोजनाले कार्यअनुबन्ध र लेखापरीक्षण कार्ययोजना तर्जुमा सम्बन्धी समग्र लेखापरीक्षण रणनीतिलाई समावेश गर्छ। पर्याप्त कार्ययोजनाले वित्तीय विवरणहरूको लेखापरीक्षणलाई विभिन्न प्रकारले फाइदा पुऱ्याउँछ। त्यस्ता फाईदाहरू देहाय वमोजिम हुन सक्छन् : (स्रोतः प्रकरण क १-क३)

- लेखापरीक्षणको महत्वपूर्ण क्षेत्रमा उपर्युक्त ध्यान पुऱ्याउन लेखापरीक्षकलाई सहयोग गर्छ।
- उपर्युक्त समयका आधारमा सम्भाव्य समस्याहरूलाई पहिचान र समाधान गर्न लेखापरीक्षकलाई सहयोग गर्छ।
- प्रभावकारी र दक्षतापूर्ण सम्पादनका लागि लेखापरीक्षण कार्यअनुबन्धलाई ठीकसँग प्रबन्ध र व्यवस्था गर्न लेखापरीक्षकलाई सहयोग गर्छ।
- सम्भाव्य जोखिमको प्रतिउत्तर दिनसक्ने उपर्युक्त योग्यता र कार्यक्षमता भएका कार्यअनुबन्धका समूह सदस्यहरूको छनौट गर्न र उनीहरूलाई उपर्युक्त कार्यभार निर्दिष्ट गने सहयोग गर्छ।
- कार्यअनुबन्ध समूह सदस्यहरूको निर्देशन र सुपरिवेक्षण गर्न र उनीहरूको कार्य समीक्षा गर्न सजिलो बनाउंछ।

- आवश्यकता अनुसार लेखापरीक्षकहरूको समूह र बिशेषज्ञहरूले गरेको कामको समन्वय गर्न सहयोग पुऱ्याउँछ ।

**लागू हुने मिति**

३. यो ने.ले.प.मा. नेपाल चार्टर्ड एकान्टेन्ट्स संस्थाबाट अंग्रेजी संस्करण लागु भए अनुसार सोही मिति देखि यो ने.ले.प.मा. कार्यन्वयन हुनेछ ।

**उद्देश्य**

४. प्रभावकारी ढंगबाट लेखापरीक्षण सम्पादन गर्नका लागि लेखापरीक्षणको कार्ययोजना तर्जुमा गर्नु लेखापरीक्षकको उद्देश्य हो ।

**आवश्यकताहरू**

**प्रमुख समूह सदस्यहरूको कार्यअनुबन्ध**

५. कार्यअनुबन्ध समूह सदस्यहरू बीचको छलफलको कार्ययोजना तर्जुमा गर्ने र सहभागी हुने समेत गरी, कार्यअनुबन्ध समूहका साझेदार र अन्य प्रमुख सदस्यहरू लेखापरीक्षणको कार्ययोजना तर्जुमामा सहभागी हुन्छन् । (सन्दर्भः अनुच्छेद क ४)

**प्रारम्भिक कार्यअनुबन्धका क्रियाकलापहरू**

६. लेखापरीक्षकले चालू लेखापरीक्षण कार्यअनुबन्धको प्रारम्भमा निम्नलिखित क्रियाकलापहरू गर्नेछः-

(क) ने.ले.प.मा.२२० को लागि आवश्यक प्रक्रियाहरू, सेवाग्राहीसंगको सम्बन्धको निरन्तरता र बिशेष लेखापरीक्षणको कार्यअनुबन्ध सम्पादन गर्ने बारेमा[1];

---

१ ने.ले.प.मा. २२० " वित्तिय विवरण लेखापरीक्षणको गुणस्तर नियन्त्रण" अनुच्छेद १२-१३

(ख) ने.ले.प.मा.२२०अनुसार, प्रासंगिक नैतिक आवश्यकताहरू साथै स्वतन्त्रताको पालना भए नभएको मूल्याकंन गर्ने बारेमा; र[२]

(ग) ने.ले.प.मा.२१० को आवश्यकता अनुसार कार्यअनुबन्धका शर्त सम्बन्धि समझदारी स्थापना गर्ने बारेमा (सन्दर्भ अनुच्छेद क५-क७) [३]

**कार्ययोजनाका क्रियाकलापहरू**

७. लेखापरीक्षकले एउटा समग्र लेखापरीक्षण रणनीति तर्जुमा गर्नेछ, जसले लेखापरीक्षणको कार्यक्षेत्र, समय र दिशा तोक्छ र लेखापरीक्षणको योजनालाई मार्ग निर्देश गर्छ।

८. समग्र लेखापरीक्षण रणनीति तर्जुमा गर्दा लेखापरीक्षकले देहाय बमोजिम कार्य गर्नेछ :

(क) कार्यअनुबन्धको क्षेत्रलाई परिभाषित गर्ने बिशेषताहरूको पहिचान;

(ख) लेखा परीक्षणको समय र संचारको प्रकृतिको कार्ययोजना बनाउनका लागि कार्यअनुबन्धका प्रतिवेदन गर्ने उद्देश्यहरू (Reporting Objective) निर्धारण;

(ग) कार्यअनुबन्ध समूहको प्रयत्नलाई निर्देश गर्नका लागि लेखापरीक्षकको पेशागत ठहर मा महत्वपूर्ण देखिने कारकतत्वमा बिचार ;

(घ) कार्यसंलग्नताका क्रियाकलापहरूको परिणाम विचार गर्ने र सम्भव भएसम्म निकायका लागि कार्यअनुबन्ध साझेदारले अन्य कार्यअनुबन्धमा हासिल गरेको ज्ञान प्रासंगिक भए नभएको बारेमा विचार ; र

---

२ ने.ले.प.मा. २२० अनुच्छेद ९-११

३ ने.ले.प.मा. २२० लेखापरीक्षण कार्यअनुबन्धका शर्तहरुमा सहमति अनुच्छेद ९-१३

(ङ) कार्यअनुबन्ध सम्पादनको प्रकृति र समय र यसका लागि आवश्यक पर्ने संशाधनको सीमा निर्धारण गर्नु (सन्दर्भः अनुच्छेद क८-क११)

९. लेखापरीक्षकले देहाय बमोजिमका कुराको समावेश हुनेगरी कुनै लेखापरीक्षण कार्ययोजना तर्जुमा गर्नेछ :-

(क) ने.ले.प.मा.३१५ अन्तर्गत निर्धारण गरिएका नियोजित जोखिम मुल्याकंन प्रक्रियाहरूको प्रकृति, समय र सीमा ।[४]

(ख) ने.ले.प.मा.३३० अन्तर्गत निर्धारित दृढोक्तिको तहमा (Assertion Level) नियोजित अरु थप लेखापरीक्षणका प्रक्रियाहरूको प्रकृति, समय र सीमा ।[५]

(ग) कार्यअनुबन्ध ने.ले.प.मा. अनुसार पालना हुने गरी अन्य नियोजित लेखा परीक्षणका प्रक्रियाहरू सम्पादन गरिएको हुनुपर्ने (सन्दर्भअनुच्छेद क१२ )

१०. लेखापरीक्षणको समयमा आवश्यकता अनुसार लेखापरीक्षकले समग्रं लेखापरीक्षण रणनीति र लेखापरीक्षण कार्ययोजनालाई संशोधन र परिवर्तन गर्नेछ ।

११. लेखापरीक्षकले कार्यअनुबन्ध समूह सदस्यहरूको निर्देशन र सुपरीक्षण र उनीहरूको कार्य समीक्षाको प्रकृति, समय र सीमा सम्बन्धी कार्ययोजना तर्जुमा गर्नेछ ।

---

४ ने.ले.प.मा. ३१५ "निकाय र यसको वातावरणलाई बुझ्रेर विवरणको गलत प्रस्तुति को जोखिमलाई पहिचान र मुल्याकंन ।"

५ ने.ले.प.मा. ३३० "मूल्याकंन भएका जोखिमहरुको सम्बन्धमा लेखापरीक्षकको प्रतिक्रिया ।"

## अभिलेखीकरण

१२. लेखापरीक्षकले अभिलेखीकरणमा देहाय बमोजिमका कुराहरू उल्लेख गर्नेछ :[६]

(क) समग्र लेखापरीक्षण रणनीति;

(ख) लेखापरीक्षण कार्ययोजना; र

(ग) लेखापरीक्षणको समयमा समग्र लेखापरीक्षण रणनीति र कार्ययोजना भएका कुनै महत्वपूर्ण परिवर्तनहरू र त्यस्तो परिवर्तन गर्नुको कारण। (सन्दर्भः अनुच्छेद क १६ - क १९)

## प्रारम्भिक लेखापरीक्षण कार्यअनुबन्धमा विचार पुऱ्याउनुपर्ने थप कुराहरू

१३. प्रारम्भिक लेखापरीक्षण शुरु गर्नुपूर्व लेखापरीक्षकले देहाय बमोजिमका क्रियाकलापहरू गर्नेछः

(क) सेवाग्राहीसंगको सम्बन्धलाई ग्रहण गर्न र बिशेष लेखापरीक्षण कार्यअनुबन्ध सम्बन्धि ने.ले.प.मा.२२० अनुसार आवश्यक प्रक्रियाहरू सम्पादन गर्ने;[७] र

(ख) लेखापरीक्षकको परिवर्तन भएको अवस्थामा प्रासंगिक नैतिक आवश्यकताको पालना गर्न पूर्व लेखापरीक्षकसंग संवाद गर्ने। (सन्दर्भः अनुच्छेद क-२०)

***

६ ने.ले.प.मा. २३० " लेखापरीक्षणको प्रालेखिकरण " अनुच्छेद ८-११ र अनुच्छेद एं६
७ ने.ले.प.मा. २२०, प्रकरणहरु १२-१३

**प्रयोग र अन्य स्पष्टिकरणका सामाग्रीहरू**

**कार्ययोजनाको भूमिका र समय (सन्दर्भ : अनुच्छेद २)**

क१. निकायको आकार र जटिलता, प्रमुख कार्यअनुबन्ध समूह सदस्यहरूको निकायसँगको पूर्व अनुभव र लेखापरीक्षण कार्यअनुबन्धको समयमा परिस्थितिमा आउने परिवर्तन अनुसार कार्ययोजनाका क्रियाकलापहरूको प्रकृति र सीमा फरक पर्नेछ ।

क२. कार्ययोजना लेखापरीक्षणको बेग्लै चरण नभएर एउटा निरन्तर र दोहरिरहने प्रकृतिको प्रक्रिया हो, जुन पूर्व लेखापरीक्षणको समापन (वा यस संग सम्बन्धित) लगत्तै शुरु हुन्छ र चालू लेखापरीक्षण अन्त्य नहुन्जेल निरन्तर चलिरहन्छ। तथापि, कार्ययोजनाले अतिरिक्त लेखापरीक्षण प्रक्रियाहरू सम्पादन पूर्व पूरा गर्नुपर्ने निश्चित क्रियाकलाप र लेखापरीक्षण प्रक्रियाको उचित समयको विचारलाई समेट्छ। उदाहरणका लागि, कार्ययोजनाले लेखापरीक्षकको पहिचान र विवरणको गलत प्रस्तुति भए नभएको मुल्याकंन गर्नुपूर्व देहाय बमोजिमका बिषयहरूमा विचार पुऱ्याउनुपर्ने आवश्यकतालाई समावेश गर्छ, जस्तै:

- जोखिम मुल्यांकन गर्ने प्रक्रियाहरूका रूपमा प्रयोग गरिनुपर्ने बिश्लेषणात्मक कार्यपद्धतिहरू ।
- निकायलाई लागू हुने कानूनी र नियमनकारी (Regulatory) आधारशिला (Framework) र निकायले उक्त आधारशिलालाई कसरी पालना गरेको छ भन्ने बिषयमा प्राप्त गरिने सामान्य जानकारी ।
- विवरणको सारयुक्तता (Materiality) को निर्धारण ।
- बिशेषज्ञहरूको अनुबन्ध ।
- अन्य जोखिम मूल्याङ्गनका प्रक्रियाहरूको सम्पादन ।

क३. लेखापरीक्षण कार्यअनुबन्धको सञ्चालन र व्यवस्थापनलाई सजिलो बनाउन लेखापरीक्षकले निकायको व्यवस्थापकसंग कार्ययोजनाका

तत्वहरूमा छलफल गर्ने वा नगर्ने बारे निर्णय लिन सक्नेछ (उदाहरणका लागि निकायका कर्मचारीका काम र केही नियोजित लेखापरीक्षणका कार्यपद्धतिहरू बीच समन्वय मिलाउन)। यद्यपी, यस्ता छलफल बेलाबेलामा भइ नै रहन्छन्, समग्र लेखापरीक्षण रणनीति र कार्ययोजना लेखापरीक्षककै दायित्व हुन्छन्। समग्र लेखापरीक्षण रणनीति र कार्ययोजनाका बिषयमा छलफल गर्दा लेखापरीक्षणको प्रभावकारितामा सम्झौता (Compromise) गर्नु नहुने कुराप्रति सजग हुनु आवश्यक हुन्छ। उदाहरणका लागि, व्यवस्थापनसंग लेखापरीक्षणको प्रक्रियाहरूको प्रकृति र समयको विस्तृत विवरण छलफल गरिएमा लेखापरीक्षणको पद्दतिहरू सजिलै अड्कल गर्न सकिने भएकाले यसको प्रभावकारितामा सम्झौता (Compromise) हुन सक्छ।

### प्रमुख समूह सदस्यहरूको कार्यअनुबन्ध (सन्दर्भ : अनुच्छेद ५)

क४. कार्यअनुबन्ध समूह साझेदार र अन्य प्रमुख सदस्यहरूको लेखापरीक्षण कार्ययोजनामा सहभागिताले उनीहरूको अनुभव र अन्तरदृष्टिलाई समेट्छ। फलस्वरूप कार्ययोजना प्रक्रियाको प्रभावकारिता र दक्षता बढ्छ।[८]

### प्रारम्भिक कार्यअनुबन्धका क्रियाकलापहरू (सन्दर्भ : अनुच्छेद ६)

क५. चालु लेखापरीक्षण कार्यअनुबन्धको सुरुवातमा अनुच्छेद ६ मा उल्लेखित प्रारम्भिक कार्यअनुबन्धका क्रियाकलापहरू सम्पादन गर्दा लेखापरीक्षकलाई घटना र परिस्थितिहरू जसले लेखापरीक्षकको कार्य

---

८ ने.ले.प.मा. २१५, अनुच्छेद १० ले शर्तहरु निर्माण गर्छ र वित्तिय विवरणको गलत प्रस्तुतिमा निकायको हात हुनसक्ने शंकास्पद (Susceptibility) सम्बन्धि छलफल गर्न कार्यअनुबन्ध समूहलाई मार्ग निर्देश गर्छ। ने.ले.प.मा. २१०, "वित्तिय विवरणको लेखापरीक्षणमा हुने जालसाज प्रति लेखापरीक्षकको दायित्व" अनुच्छेद १५ ले निकायको वित्तिय विवरणमा जालसाझको कारणले गलत प्रस्तुततिमा हुने संवेदनशिलतालाई यस छलफलको क्रममा दिइएको महत्वलाईै मार्गनिर्देशन प्रदान गरेको छ।

योजना तर्जुमा गर्ने र लेखापरीक्षण कार्य गर्ने क्षमता विरुद्ध असर पुऱ्याउने कुरालाई पहिचान र मुल्याङ्कन गर्न सहयोग गर्छ ।

क६. यी प्रारम्भिक कार्यअनुबन्धका क्रियाकलाप गर्नाले लेखापरीक्षकलाई कार्यअनुबन्धको योजना तर्जुमा गर्न समर्थ वनाउंछ । जसका लागि, उदाहरणका लागि:

- लेखापरीक्षकले कार्यअनुबन्ध सम्पादन गर्न आवश्यक स्वतन्त्रता र क्षमता कायम राख्छ ।
- कार्यअनुबन्ध निरन्तरताको लागि लेखापरीक्षकको स्वेच्छालाई असर गर्ने व्यवस्थापकको वस्तुनिष्टता (Integrity) सम्बन्धि कुनै विवाद हुनेछैन ।
- सेवाग्राहीसंग कार्यअनुबन्धका शर्तहरू सम्बन्धि कुनै गलत वुझाई (Mis Understanding) हुनेछैन ।

क७. लेखापरीक्षण कार्यअनुबन्ध अवधिभर अवस्था र परिस्थिति परिवर्तन भएको खण्डमा सेवाग्रहीलाई नै निरन्तरता दिरहने वा नरहने भन्ने कुरा प्रासंगिक नैतिक आवश्यकता साथसाथै स्वतन्त्रता बारेमा पनि लेखापरीक्षकले विचार गर्नेछ । चालू लेखापरीक्षण कार्यअनुबन्धको सुरुवातमा, सेवाग्राहीको निरन्तरता र प्रासगिक नैतिक आवश्यकताहरू (स्वतन्त्रता समेत) दुबैको बारेमा प्रारम्भिक प्रक्रियाहरू सम्पादन गर्नुको अर्थ के हुन्छ भने चालु लेखापरीक्षण कार्यमा महत्वपूर्ण हुने अन्य गतिविधिहरूको सम्पादन हुनुपूर्व नै ती कुराहरू सम्पन्न भैसकेका हुनेछन् । लेखापरीक्षण कार्य संलग्नताको निरन्तरताको लागि त्यस्ता प्रारम्भिक प्रक्रियाहरू पूर्वलेखापरीक्षणको समाप्ति संगसंगै (वा त्यसैसँग सम्बन्धित भएर) आउँछन् ।

## कार्ययोजनाका गतिविधिहरू

*समग्र लेखापरीक्षण रणनीति (सन्दर्भ: अनुच्छेद ७-८)*

क८. जोखिम मूल्याङ्कन कार्यपद्धतिलाई लेखापरीक्षकले सम्पन्न गरिसकेको खण्डमा समग्र लेखापरीक्षण रणनीति निर्माण गर्ने प्रक्रिया निर्धारण गर्न लेखापरीक्षकलाई देहाय बमोजिमका बिषयहरूमा सहयोग पुग्छ :

- लेखापरीक्षणका विशेष क्षेत्रहरूमा संसाधनको प्रयोग, जस्तै उच्च जोखिम क्षेत्रहरूमा उपयुक्त अनुभवी समूह सदस्यहरूको प्रयोग वा जटिल बिषयमा बिशेषज्ञहरूको अनुबन्ध बारेमा;
- लेखापरीक्षणका विशेष क्षेत्रहरूमा संशाधनको परिमाणको बाँडफाँड जस्तै मालसामान भएको स्थानमा मौज्दातको गणना निरिक्षण गर्न खटाइएका समूह सदस्यहरूको संख्या, समूहमा गरिने लेखापरीक्षणको हकमा अन्य लेखापरीक्षकले गरेको कामको मूल्याकंन गर्ने कार्यक्षेत्र, अथवा उच्च जोखिम क्षेत्रहरूमा समयलाई लेखापरीक्षण बजेटको रूपमा विभाजन गर्ने कार्यमा;
- यी संशाधनहरूलाई कुन समयमा प्रयोग गर्नुपर्ने हो, जस्तै अन्तरीम लेखापरीक्षणको समय वा मुख्य अन्तिम आधार मिति (Key Cut off Dates) भन्ने बारे; र
- यी संशाधनहरू कसरी व्यवस्थित, निर्देशित र सुपरिक्षित हुनु पर्नै हो, जस्तै जब समूहको जानकारी प्रदान गर्ने र सोधपुछ गर्ने बैठक सञ्चालन हुने कुरा अपेक्षा गरिन्छ, कार्यसंलग्न साझेदार र व्यवस्थापकले कसरी आफ्नो समीक्षहरू प्रस्तुत गर्ने (उदाहरणको लागि कार्यस्थलमा वा अन्य ठाउंमा) र कार्यअनुबन्धको गुणस्तर नियन्त्रण सम्बन्धि समीक्षाहरूलाई पूर्णता दिने वा नदिने भन्ने बारेमा ।

क९. परिशिष्टले समग्र लेखापरीक्षण रणनीति तर्जुमा गर्दा विचार गर्नुपर्ने कुराका उदाहरणहरूलाई सुचिकृत गर्छ ।

क१०. एकपटक समग्र लेखापरीक्षण रणनीति तर्जुमा भए पश्चात् लेखापरीक्षकको संशाधनको प्रभावकारी प्रयोगबाट लेखापरीक्षणको उद्देश्य प्राप्तिको आवश्यकतालाई आत्मसात गरी समग्र लेखापरीक्षण रणनीतिमा पहिचान भएका विभिन्न बिषयहरूलाई सम्बोधन गर्ने गरी लेखापरीक्षण कार्ययोजना तर्जुमा गर्न सकिन्छ । समग्र लेखापरीक्षण रणनीति र विस्तृत लेखापरीक्षण कार्ययोजनाको तर्जुमा छुटै वा

क्रमागत प्रक्रियाहरू नै हुनुपर्छ भन्ने जरुरी छैन,  तर यिनीहरू एक आपसमा नजिकको अन्तरसम्बन्ध राख्छन् । किनभने एउटामा हुने परिवर्तनले परिमाणतः अर्कोमा पनि परिवर्तन ल्याउन सक्छ ।

सााना निकायहरूको हकमा पुर्‍याउनुपर्ने विचारहरू

क११. साना निकायहरूको लेखापरीक्षण गर्दा, सो सम्बन्धि सम्पूर्ण कार्य एकदमै सानो लेखापरीक्षण समूहले गर्न सक्नेछ । साना निकायको प्रायः लेखापरीक्षणमा कार्यसंलग्न साझेदारको सहभागिता हुन्छ (जो एकल पेशाकर्मी हुनसक्छ) जसले एउटा कार्यअनुबन्ध समूह सदस्यमा काम गरेको हुन्छ । (वा त्यस्तो सदस्य विना नै काम गरेको हुन्छ) सानो निकायको समग्र लेखापरीक्षण रणनीति तर्जुमा गर्ने कार्य जटिल र समय खर्चिने हुनुपर्छ भन्ने छैन; यो त निकायको आकार, लेखापरीक्षणको जटिलता, र कार्यअनुबन्ध समूहको आकार अनुसार फरक पर्न सक्छ। उदाहरणका लागि, पूर्व लेखापरीक्षणको समापन पश्चात् तयार गरिएको एउटा संक्षिप्त स्मरण (Memorandum), जुन कार्यपत्रको समीक्षामा आधारित हुन्छ र जसमा भर्खरै सम्पन्न भएको लेखापरीक्षणमा पहिचान गरिएको बिषयलाई उजागर गरिएको हुन्छ, जसलाई मालिक व्यवस्थापकसंगको छलफलका आधारमा अधावधिक (Updated) बनाइएको हुन्छ, त्यसले अनुच्छेद ८ मा उल्लेखित बिषयलाई समेटेको खण्डमा वर्तमान लेखापरीक्षण कार्यअनुबन्धमा प्रलेखित लेखापरीक्षणको रणनीतिका रूपमा प्रयोग हुन सक्छ ।

*लेखा परीक्षण कार्ययोजना (सन्दर्भः अनुच्छेद ९)*

क१२. लेखापरीक्षण कार्ययोजना समग्र लेखापरीक्षण रणनीति भन्दा अझै विस्तृत हुन्छ किनभने यसले कार्यअनुबन्ध समूह सदस्यहरूले सम्पादन गर्नुपर्ने लेखापरीक्षण कार्यपद्धतिहरूको प्रकृति, समय र सीमा उल्लेख गरेको हुन्छ । कार्यअनुबन्धको लेखापरीक्षको कार्ययोजना विकासका क्रममा यी लेखापरीक्षणका कार्यपद्धतिहरूको योजना बनाईन्छन् । उदाहरणको लागि लेखापरीक्षण प्रक्रियाको सुरुवातमै लेखापरीक्षणको जोखिम मूल्याकंन कार्यपद्धतिहरूको योजना बनाइन्छन् । तथापि, त्यस उप्रान्तका बिशेष लेखापरीक्षणका कार्यपद्धतिहरूका योजनाको प्रकृति,

समय र सीमा ती जोखिम मुल्याकंन कार्यपद्धतिहरूको प्रतिफलमा भर पर्छन् । त्यसमाथि, लेखापरीक्षकले  बांकी रहेका अन्य लेखा परीक्षणका कार्यपद्धतिको योजना बनाउनु पूर्व नै निश्चित प्रकारका कारोबार, खाताको मौज्दात र खुलसाको थप अरु लेखापरीक्षण कार्यपद्धति सम्पादन शुरु गर्न सक्छ ।

*लेखापरीक्षणको अवधिमा कार्ययोजनाको निर्णयहरूको परिवर्तन (सन्दर्भ : अनुच्छेद १०)*

क१३. अप्रत्याशित घटना, परिस्थितिमा आएको परिवर्तन, वा लेखापरीक्षण कार्यपद्धतिको नतिजाबाट प्राप्त लेखापरीक्षणको प्रमाणको फलस्वरूप, मूल्याङ्कन गरिएका जोखिमलाई पुर्नविचार गरी लेखापरीक्षकले समग्र लेखापरीक्षण रणनीति र कार्ययोजना तर्जुमा, तत्पश्चात् गरिने लेखापरक्षिण कार्यपद्धतिको नियोजित प्रकृति, समय र सीमालाई संशोधन गर्नुपर्ने हुनसक्छ। यस्तो अवस्था त्यतिखेर आउन सक्छ जतिबेला लेखापरीक्षकको ध्यानाकर्षण हुने गरी सूचना प्राप्त हुन्छ, जुन सूचना लेखपरीक्षकलाई लेखापरीक्षण कार्यपद्धतिको योजना तर्जुमा गर्दा उपलव्ध भएको भन्दा निक्कै फरक हुन्छ। उदाहरणका लागि, खास गहन कार्यपद्धतिको सम्पादनबाट प्राप्त लेखापरीक्षणको प्रमाण र नियन्त्रणको जाँचबाट प्राप्त प्रमाण एक अर्कामा परस्पर विरोधी हुनसक्छन् ।

*निर्देशन,निरिक्षण र पुनरावलोकन ( सन्दर्भः अनुच्छेद. ११)*

क१४. कार्यअनुबन्ध समूह सदस्यहरूको निर्देशन र सुपरीक्षण र उनीहरूको कामको मूल्याकंनको प्रकृति, समय र सीमा देहाय बमोजिमका धेरै कारणहरूमा भर पर्छन् :-

- निकायको आकार र जटिलता ।
- लेखापरीक्षणको क्षेत्र ।
- विवरणको गलत प्रस्तुतिको मुल्याकंन गरिएको जोखिम ( उदाहरणका लागि कुनै एक लेखापरीक्षणको क्षेत्रमा विवरणको

गलत प्रस्तुतिको मूल्याकंन गरिएको जोखिम बढी हुन्छ भने स्वभाविक रूपमा त्यस्तो क्षेत्रमा कार्यअनुबन्ध समूह सदस्यहरूको निर्देशन र सुपरीक्षणको सीमा र समय सोही अनुसार बृद्धि गर्नुपर्ने हुन्छ र उनीहरूको कामको विस्तृत मुल्यांकन गर्नुपर्ने हुन्छ) ।

लेखापरीक्षण गर्ने प्रत्येक समूह सदस्यको कार्यक्षमता र सक्षमता ने.ले.प.मा. २२० ले लेखापरीक्षण कार्यको निर्देशन, सुपरीक्षण र मुल्याकंन सम्बन्धि अन्य मार्ग दर्शन उल्लेख गरेको छ .[९]

साना निकायहरूको हकमा विचार पुऱ्याउनुपर्ने कुराहरू

क१५. यदि सम्पूर्ण लेखापरीक्षण संलग्न साझेदारद्धारा भएको छ भने कार्यअनुबन्ध समूह सदस्यहरूलाई निर्देशन दिने र सुपरीक्षण गर्ने र उनीहरूको कार्य मूल्याकंन गर्ने प्रश्नै उठ्दैन । यस्तो अवस्थामा संलग्न साझेदारले व्यक्तिगत रूपमै कामका सम्पूर्ण पक्षहरू सम्पादन गरेको हुनाले विवरणका सबै बिषयहरूको उसलाई ज्ञान हुन्छ र सोही व्यक्तिले लेखापरीक्षणको सम्पूर्ण कार्य पनि गर्दछ भने, लेखापरीक्षणका समयमा उसले गरेका निर्णयहरूको औचित्यलाई वस्तुनिष्ट ढंगले हेर्दा (Forming an Objective view) लेखापरीक्षणमा व्यवहारिक समस्याहरू आउन सक्छन् । यदि जटिल र फरक किसिमका बिषयहरू भएको र लेखापरीक्षणको कार्य एकल पेशाकर्मीले गरिरहेको खास अबस्था भएमा अन्य उपयुक्त र अनुभवी लेखापरीक्षकको वा लेखापरीक्षणको पेशागत संस्थाको परामर्श लिन मुनासिब हुन्छ ।

**अभिलेखीकरण** ( **सन्दर्भः अनुच्छेद**. १२)

क१६. समग्र लेखापरीक्षण रणनीतिको अभिलेखीकरण मुख्य निर्णयहरूको अभिलेख हो । जुन कार्ययोजनालाई उचित तरिकाले तर्जुमा गर्न र मुख्य बिषयहरू बारे कार्यअनुबन्धसमूहलाई सूचित गर्नका लागि

---

९ ने.ले.प.मा. २२०, अनुच्छेद १५–१७

आवश्यक ठानिन्छ। उदाहरणका लागि लेखापरक्षिकले समग्र लेखापरक्षिण रणनीतिलाई स्मरणपत्र (Memorandumd) रूपमा संक्षेपमा प्रस्तुत गर्न सक्छ, जसमा लेखापरीक्षणको समग्र क्षेत्र, समय र सम्पादनको मुख्य निर्णयहरू समावेश हुन्छन् ।

क१७. लेखापरीक्षणको अभिलेखीकरण प्रस्तुतीको तहमा मूल्याकंन गरिएका जोखिमहरूको प्रतिउत्तरमा राखिने जोखिम मुल्याकंन र अन्य लेखापरीक्षण कार्यपद्धतिहरूको प्रकृति, समय र सीमाको एउटा नियोजित अभिलेख हो। अभिलेखीकरणले उपर्युक्त कार्ययोजना र लेखापरीक्षण कार्यपद्धतिको अभिलेखको रूपमा काम गर्छ र यसलाई तिनीहरूको सम्पादन पूर्व समीक्षा गर्न र अनुमोदनको लागि प्रयोग गर्न सकिन्छ। लेखापरीक्षणले स्तरीय लेखापरीक्षण कार्यक्रम वा लेखापरक्षिण समापनका लागि रुजुसूची (Cheklist) लाई आवश्यकता अनुसार खास कार्यअनुबन्ध परिस्थिति प्रतिविम्बित हुने गरी प्रयोग गर्न सक्छ।

क१८. समग्र लेखापरीक्षण रणनीति र लेखापरीक्षण कार्ययोजनाका महत्वपूर्ण परिवर्तनहरू र फलस्वरूप लेखापरीक्षण कार्यपद्धतिको प्रकृति, समय र सीमामा आउने परिवर्तनहरूको बारेमा अभिलेखले त्यस्ता महत्वपूर्ण परिवर्तनहरू किन गरिएका थिए र लेखा परीक्षणको लागि समग्र रणनीति र कार्ययोजना अन्ततः कसरी ग्रहण गरिएको थियो भन्ने वारे व्याख्या गर्छ र यसले लेखापरीक्षणको अवधिमा हुने महत्वपूर्ण परिवर्तनहरूको उपयुक्त प्रतिउत्तरलाई पनि प्रतिविम्बित गर्छ।

*साना निकायहरूका हकमा विचार पुऱ्याउनु पर्ने कुराहरू*

क१९. अनुच्छेद क११ मा उल्लेख भए अनुसार एउटा उपर्युक्त छोटो स्मरणपत्रले साना निकायका लागि प्रलेखित रणनीतिको काम गदर्छ। लेखापरीक्षण कार्ययोजनाको लागि, स्तरिय लेखापरीक्षण कार्यक्रम वा रुजुसुची (Standard Audit Programs or Checklists) ( अनुच्छेद १७ हेर्नुहोस्), नियन्त्रणका थोरै प्रासंगिक क्रियाकलापहरू हुन्छन् भन्ने धारणाअनुसार जुन साना निकायहरूमा हुने सम्भावित अवस्था हो, त्यस अनुसार कार्यअनुबन्ध (Engagement) को परिस्थितिसंग मिल्ने

गरी लेखापरीक्षकको जोखिम मुल्याकंनलाई समावेश गरेर प्रयोग गर्न सकिन्छ ।

## प्रारम्भिक लेखापरीक्षण कार्यअनुबन्धमा विचार पुऱ्याउनु पर्ने थप कुराहरू (सन्दर्भ : अनुच्छेद १३)

क२०. योजना तर्जुमाको अभिप्राय र उद्देश्य एउटै हुन्छ चाहे त्यो लेखापरीक्षण प्रारम्भिक होस् वा दोहोरीरहने प्रकृतिको होस् तथापी प्रारम्भिक लेखापरीक्षणका लागि लेखापरीक्षकले कार्ययोजनाका गतिविधिहरूलाई विस्तृत वनाउनुपर्ने हुनसक्छ किनभने सामान्यतया निकायको लेखापरीक्षणसंग पूर्व अनुभव हुंदैन जुन अनुभवलाई दोहोरिरहने प्रकृतिका कार्य अनुबन्धको योजना तर्जुमा गर्दा आवश्यक ठानिन्छ । प्रारम्भिक लेखापरीक्षणको हकमा, समग्र लेखापरीक्षण रणनीति र लेखापरीक्षणको कार्ययोजना तर्जुमा गर्दा लेखापरीक्षकले देहाय बमोजिम थप बिषयहरू बारेमा विचार गर्न सक्नेछः:

- कानून र नियमले प्रतिबन्ध नगरेसम्म पूर्व लेखापरीक्षकसंग तारतम्य (Arrangement) मिलाउनु, जस्तै पूर्व लेखापरीक्षकको कार्यपत्रहरूको समीक्षा गर्नका लागि ।
- कुनै महत्वपूर्ण बिषयहरू (लेखाविधि वा लेखापरीक्षणका नियमहरू र प्रतिवेदनका मानहरू पनि समावेश भएका) लेखापरीक्षकको प्रारम्भिक छनौटको सिलसिलामा व्यवस्थापकसंग छलफल भएका व्यवस्थापकको जिम्मेवारी वहन गरेका अख्तियारीलाई उक्त बिषयहरूको जानकारी प्रेषित गर्न र ति बिषयहरूले समग्र लेखापरक्षिण रणनीति र लेखापरीक्षण कार्ययोजनालाई कसरी असर गर्छन् भन्ने वारे ।
- प्रारम्भिक मौज्दात सम्बन्धि पर्याप्त उपयुक्त लेखापरीक्षण प्रमाण जुटाउन आवश्यक लेखापरीक्षण कार्यपद्धतिहरू[१०] ।

---

१० ने.ले.प.मा. ५१०, आरम्भिक लखापरीक्षण कार्य अनुबन्ध –शुरु मौज्दात

- प्रारम्भिक लेखापरीक्षण कार्यअनुबन्धको लागि व्यवसायको गुणस्तर नियन्त्रण प्रणालीलाई आवश्यक पर्ने अन्य कार्यपद्धतिहरू (उदाहरणका लागि व्यवसायको गुणस्तर नियन्त्रण प्रणालीले महत्वपूर्ण लेखापरीक्षण कार्यपद्धति शुरु गर्नुपूर्व समग्र लेखापरीक्षण रणनीतिको समीक्षा गर्न वा प्रतिवेदनहरूलाई प्रकाशन पूर्व समीक्षा गर्न अर्को साझेदार वा वरिष्ठ व्यक्तिको अनुबन्ध आवश्यक ठान्न सक्छ।

**परिशिष्ट**

**(सन्दर्भः अनुच्छेद ७-८, क८-क११)**

## समग्र लेखापरीक्षण रणनीति तर्जुमा गर्नका लागि विचार पुऱ्याउनुपर्ने कुराहरू

यस परिशिष्टले समग्र लेखापरीक्षण रणनीति तर्जुमा गर्दा लेखापरीक्षकले विचार पुऱ्याउन सक्ने बिषयहरूको उदाहरण प्रस्तुत गर्छ। यी मध्ये धेरै बिषयहरूले लेखापरीक्षकको विस्तृत लेखापरीक्षण कार्ययोजनालाई पनि प्रभाव पार्नेछन्। प्रस्तुत उदाहरणहरूले कार्यअनुबन्धमा लागू हुने ति बिषयहरूलाई समेट्छन्. । तल उल्लेखित केही बिषयहरू अन्य ने.ले.प.मा. लाई आवश्यक भए तापनि सबै बिषयहरू सबै लेखापरक्षिण कार्यअनुबन्धमा प्रासंगिक हुदैनन् र यो सूचीपूर्ण छ भन्ने जरुरी छैन ।

**कार्यअनुबन्धका बिशेषताहरू**

- लेखापरक्षिण गरिनुपर्ने बित्तिय सूचनाहरू भएको र अन्य बित्तिय प्रतिवेदन आधारशिला (Framework) संग मिलान गर्नुपर्ने आवश्यकता भएमा त्यसलाई पनि समेटी वित्तीय प्रतिवेदन आधारशिला तयार गरिएको ।
- औद्योगिक नियमनकारीहरूले अनिवार्य गरेका प्रतिवेदन, जस्तै उद्योग बिशेष प्रतिवेदनका शर्तहरू ।
- लेखा परीक्षणले समेट्ने अपेक्षित क्षेत्र, संलग्न गर्नुपर्ने अंग वा खण्ड (Component) हरूको संख्या र ठेगाना पनि समावेश भएको हुनुपर्ने ।
- मूल संस्था र यसका अंग वा खण्ड (Component) हरू बीचको नियन्त्रण सम्बन्धको प्रकृति, जसले यो समुहलाई कसरी समायोजन गर्ने भन्ने बिषय ।
- लेखापरीक्षकले लेखापरीक्षण गर्ने अंग वा खण्ड (Component) हरूको कार्यक्षेत्र ।
- बिशेष ज्ञानको आवश्यकतालाई समावेश गरी लेखापरीक्षण गरिनुपर्ने व्ययसायको क्षेत्रको प्रकृति ।

- वित्तीय सूचनाहरूको लेखापरीक्षण गर्नका लागि मुद्राको अनुवाद (Currency Translation) गर्नुपर्ने आवश्यकता भएमा त्यसलाई समावेश गरी प्रतिवेदनमा प्रयोग गरिनुपर्ने मुद्रा Currency सम्बन्धि बिषयमा ।
- संयोजनको उद्देश्यका लागि लेखापरीक्षण गर्नुका साथै छुट्टै विवरणहरूको लेखापरीक्षण गर्नुपर्ने वैधानिक आवश्यकता ।
- आन्तरिक लेखापरीक्षकलाई कामको उपलब्धता र लेखापरीक्षकले त्यस्तो काम माथि सम्भावित आश्रय लिने हदका बिषयमा ।
- सेवा प्रदायक संस्थाहरूको निकायले गर्ने प्रयोग र लेखापररिक्षकले तिनीहरूको बनौट र तिनीहरूले सम्पादन गर्ने नियन्त्रणका कार्यसंग सम्बन्धित प्रमाण कसरी प्राप्त गर्छ भन्ने बिषयमा ।
- पूर्व लेखापरीक्षणवाट प्राप्त लेखापरीक्षणको प्रमाणको अपेक्षित प्रयोग, उदाहरणका लागि, जोखिम मुल्याकंन कार्यपद्धति र नियन्त्रणको जाँचसंग सम्बन्धित लेखापरीक्षणको प्रमाण ।
- लेखापरीक्षण कार्यपद्धतिमा सूचना प्रविधिले पार्न सक्ने असरका साथसाथै तथ्यहरूको उपलब्धता र कम्प्युटरको सहायताबाट बनेका लेखापरीक्षणका विधिहरूका अपेक्षित प्रयोग '
- अन्तरिम वित्तीय सूचनाको कुनै पनि समिक्षासंगै लेखापरीक्षण कार्य अपेक्षित क्षेत्र र समयको समन्वय र त्यस्तो समीक्षाको क्रममा प्राप्त सूचनाहरूको लेखापरीक्षणमाथि पर्ने असर ।
- सेवाग्राहीका लागि कर्मचारी र तथ्यको उपलब्धता ।

**प्रतिवेदन गर्नुपर्ने उद्देश्य, लेखापरीक्षणको समय र संचारको प्रकृति**

- प्रतिवेदनको लागि निकायको समय तालिका जस्तै, अन्तरिम समापनको चरणहरू ।
- लेखापरीक्षण कार्यको प्रकृति, समय र सीमाका सम्बन्धमा व्यवस्थापन र शासकिय ब्यवस्था वहन गर्ने त्यस्ता अख्तियारी विचको छलफलका लागि बैठकको आयोजना ।

- जारी गर्नुपर्ने प्रतिवेदनको अपेक्षित प्रकार र उचित समय र अन्य लिखित मौखिक संचारका साथसाथै शासकिय व्यवस्था वहन गर्ने त्यस्ता अख्तियारीलाई लेखापरीक्षकको प्रतिवेदन, व्यवस्थापकको चिठ्ठिपत्रहरू र संचार सम्बन्धमा व्यवस्थापन र शासकिय व्यवस्था वहन गर्ने त्यस्ता अख्तियारीसंगको छलफल ।
- कार्यअनुबन्ध अवधिभर लेखापरक्षिणको स्थितिका बिषयमा हुने अपेक्षित संचारका सम्बन्धमा व्यवस्थापन संगको छलफल ।
- अंग वा खण्ड (Component) का लेखापरीक्षकसंग जारी गर्नुपर्ने प्रतिवेदनहरूको अपोक्षित प्रकार र उचित समय र शाखाको लेखापरीक्षणका सम्बन्धमा हुने अन्य संचारका बिषयमा हुने संचार ।
- कार्यअनुबन्ध समूह सदस्यहरू बीचको संचारका साथसाथै समूह बैठक र सम्पादित कार्यको समीक्षाको अपेक्षित प्रकृति र समयको बिषयमा ।
- लेखापरीक्षणको कारण तेस्रो पक्षसंग अन्य अपेक्षित संचार साथसाथै कुनै वैधानिक वा करारीय प्रतिवेदन गर्नुपर्ने दायित्व भए वा नभएको बिषयमा ।

**महत्वपूर्ण कारकतत्वहरू, प्रारम्भिक कार्यअनुबन्धका क्रियाकलापहरू, र अन्य कार्यअनुबन्धबाट प्राप्त ज्ञान**

- ने.ले.प.मा. ३२०[११] को अनुसार विवरणको निर्धारण, र देहाय बमोजिम लागू हुने अबस्थामा :
  - ➢ ने.ले.प.मा. ६००[१२] को अनुसार शाखाहरूको विवरणको निर्धारण र त्यस अनुसार शाखाका लेखापरीक्षक संगको संचार ।

---

११ ने.ले.प.मा. ३२० “लेखापरीक्षणको कार्ययोजना र सम्पादनमा विवरणको प्रयोग ”

१२ ने.ले.प.मा. ६००“बिशेष विचार पु-याउनुपर्ने कुराहरु - समूहको वित्तिय विवरणको लेखापरीक्षण (शाखाका लेखापरक्षिणको कार्यलाई पनि समावेश गरी” अनुच्छेद २१-२३ र ४० (सी)

- ➢ कारोबार, खाताको मौज्दात र खुलसाका महत्वपूर्ण भागहरू र विवरणका प्रकारहरूको प्रारम्भिक पहिचान ।
- विवरणको गलत प्रस्तुतिको बढी जोखिम हुने क्षेत्रहरूको प्रारम्भिक पहिचान ।
- समगं वित्तीय विवरण तहको निर्देशन, सुपरीक्षण र समीक्षामा विवरणको गलत प्रस्तुतिको मूल्याकंन  गरिएको जोखिमको असर ।
- कार्यअनुबन्धसमूह सदस्यहरूलाई लेखापरीक्षकले लेखापरक्षिणमा प्रमाण जुटाउन कायम गर्नुपर्ने जिज्ञासु मानसिकता र पेशागत संशयता (Professional Skepticism) लाई कसरी महत्व दिन्छ भन्ने बिषयमा ।
- आन्तरिक नियन्त्रणको कार्यसञ्चालन प्रभावकारितालाई मूल्याकंनका साथसाथै पहिचान गरिएका कमजोरीहरूको प्रकृति र तिनीहरूलाई सम्बोधन गर्न लिइएका कदमहरू समेट्ने पूर्व लेखापरीक्षणका परिणामहरू ।
- निकायका कर्मचारी जो निकायका अन्य सेवा सम्पादन गर्न जिम्मेवार हुन्छन्, उनीहरूसंग लेखापरीक्षणलाई असर गर्ने बिषय बारेमा छलफल ।,
- उचित आन्तरिक नियन्त्रणको परिकल्पना, कार्यान्वयन र रेखदेख साथसाथै त्यस्तो आन्तरिक नियन्त्रणको उपर्युक्त अभिलेखीकरणको प्रमाण सम्बन्धमा व्यवस्थापनको प्रतिबद्धताको प्रमाण ।
- कारोबारको परिमाण, जसले लेखापरीक्षणलाई आन्तरिक नियन्त्रणमा भरपर्दा बढी प्रभावकारी हुन्छ कि हुदैन भनी निर्धारण गर्छ ।
- निकाय भरी व्यवसायको सफल सञ्चालन गर्नको लागि आन्तरिक नियन्त्रणलाई दिइएको महत्व ।
- निकायलाई असर पार्ने महत्वपूर्ण व्यावसायिक परिवर्तनहरू साथसाथै सूचना प्रविधि र व्यवसायको प्रक्रियाहरूमा भएका परिवर्तनहरू, मुख्य व्यवस्थापनमा भएको परिवर्तनहरू खरिद प्राप्ति, गाभिने र टुक्र्याउने (Acauitions, Mergers and Divestmerts)

- उद्योगमा आएका महत्वपूर्ण परिवर्तनहरू जस्तै औद्योगिक नियमहरूमा आएको परिवर्तन र प्रतिवेदनका नयां शर्तहरू ।
- वित्तीय प्रतिवेदन संरचनामा आएका महत्वपूर्ण परिवर्तनहरू, जस्तै लेखा मानमा आउने परिवर्तनहरू ।
- अन्य महत्वपूर्ण प्रासंगिक परिवर्तनहरू, जस्तै निकायलाई असर गर्ने कानूनी वातावरणमा आएको परिवर्तन ।

**स्रोतहरूको प्रकृति, समय र सीमा**

- कार्यअनुबन्ध(Engagement)समुह सदस्यहरूको नियुक्ति (आवश्यकता अनुसार कार्यअनुबन्ध गुणस्तर नियन्त्रण समीक्षक) र समूह सदस्यहरूलाई लेखापरीक्षण कार्यको विनियोजन साथसाथै विवरणको गलत प्रस्तुति हुने उच्च जोखिम भएका क्षेत्रहरूमा उचित उपयुक्त समूह सदस्यहरूलाई खटाउने कार्य ।
- कार्यअनुबन्धको बजेट निर्माण, साथसाथै विवरणको गलत प्रस्तुति हुने उच्च जोखिमका क्षेत्रहरूमा उपयुक्त समय छुट्याउनु पर्ने विचारको स्रोतमा ।